(दफा ३३ को उपदफा (२) सँग सम्वन्धीत)

## डिभिजन वन कार्यालय, दोलखाको
## गोलिया काठ र दाउरा लिलाम विक्रिको सूचना

डिभिजनल वन अधिकृत

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१।०५।२५**

प्रस्तुत विषयमा आ.व. २०८०/०८१ मा तपसिलको वन क्षेत्रबाट संकलन भएको तथा बरामद भएको निम्न घाटगद्दी स्थलहरूमा घाटगद्दी गरी राखेको तपसिल बमोजिमको विभिन्न लट, जात, थान र परिमाणको गोलिया काठ र दाउरा जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ, दाउरामा आधारित उद्योगले यो सूचना दिक्षण राष्ट्रिय दैनिकमा पहिलो पटक प्रकाशित भएको मितिले हुने २१ औं दिन कार्यालय समय भित्र तपसिलको स्थानहरूबाट बोलपत्र खरिद गरि २२ औं दिन तोकिएको समय भित्र सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

<u>तपसिल</u>

**१. वन पैदावरको विवरण :**

| सि.नं. | प्रजाती | ग्रेड | गोलिया थान | ईकाइ | काठ (क्युफि) | प्रति एकाइ राजस्व रु. | न्युनतम मुल्य रु. | संकलन खर्च प्रति ईकाइ रु. | काठको श्रोत | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| साँधुखोला जलविद्युत आयोजना क्षेत्रमा कटान भएको रुखबाट उत्पादन भएको गोलिया काठ र दाउरा (१-२०८१/०८२) | | | | | | | | | | |
| १ | उतिस | B | ६ | क्युफि | १०.४६ | १५० | १५६९ | २०० | सिमलडाँडा सरकारद्वारा व्यवस्थित वन | त्रिगु ८ सिमलडाँडा |
| २ | गोब्रेसल्ला | B | २५४ | क्युफि | ५८४.०४ | १०० | ५८४०४ | | | |
| ३ | पाटेसल्ला | B | १२ | क्युफि | २२.१ | १०० | २२१० | | | |
| | जम्मा | | २७२ | | ६१६.६ | | ६२१८३ | | | |
| ४ | दाउरा (अन्य जातको मिश्रित) | | | चट्टा | ०.५ | ४००० | २००० | १०२५० | | |
| लट नं. १ को जम्मा | | | | | | | ६४१८३ | | | |
| प्रतिवादी हरि बहादुर तामाङ भएको मुद्दामा बरामद भएको गोलिया काठ र दाउरा (२-२०८१ /०८२) | | | | | | | | | | |
| ५ | उतिस | A | २ | क्युफि | १६.८५ | २०० | ३३७० | | कुकनुड खोला सरकारद्वारा व्यवस्थित वन | शैलुङ गा.पा. वडा नं. ४ |
| ६ | उतिस | B | १८८ | क्युफि | ४३९.३३ | १५० | ६५८९९.५ | | | |
| | जम्मा | | १९० | | ४५६.१८ | | ६९२६९.५ | | | |
| ७ | दाउरा (अन्य जातको मिश्रित) | | | चट्टा | ०.२५ | ४००० | १००० | | | |
| लट नं. २ को जम्मा | | | | | | | ७०२६९.५ | | | |
| प्रतिवादी सोम बहादुर तामाङ भएको मुद्दामा बरामद भएको चिरान काठ (३-२०८१ /०८२) | | | | | | | | | | |
| 8 | पाटेसल्ला | A | ५५ | क्युफि | २०.८३ | | | | निजी आवादी | शैलुङ गा.पा. वडा नं. ४ |
| | | A | | क्युफि | २९.१६२ | २०० | ५८३२.४ | | | |
| लट नं. ३ को जम्मा | | | | | | | ५८३२.४ | | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति, समयः

क) खरिद गर्ने स्थानः डिभिजन वन कार्यालय दोलखा

ख) खरिद गर्ने अन्तिम मिति र समयः २१ औं दिन (मिति २०८१।०६।१४ गते) कार्यालय समय भित्र

ख) दाखिला गर्ने अन्तिम मितिः २२ औं दिन (मिति २०८१।०६।१५ गते)

ग) दाखिला गर्ने अन्तिम समयः अपरान्ह १२ बजे

Scanned with CamScanner

प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, दोलखा
बागमती प्रदेश, चरिकोट, दोलखा

डिभिजनल वन अधिकृत

घ। बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट अपरान्ह १२ बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ ।

३. बोलपत्र फारम प्रति लटको रु. १०००।– पछि फिर्ता नहुने गरि तिरी डिभिजन वन कार्यालय, दोलखाबाट खरिद गरी दाखिला गर्न सकिनेछ ।

साथै कबोल गरेको रकमको १०% ले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको प्रदेश ३ ख २.३ को धरौटी खाता नं. १३००२००००२००३००००१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

४. लिलाम बढावढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र उल्लेखित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ । काठ जे जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम विक्रि गरिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र उद्योग रहेको सम्वन्धित डिभिजन वन कार्यालयबाट दिएको उद्योगको सुचिदर्ताको प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरू २२ औं दिन (मिति २०८१।०६।१५ गते) अपरान्ह ३:०० बजे साक्षिहरूको रोहवरमा खोलीनेछ । सो दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट सोहि समयमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मु.अ.क., संकलन खर्च समेतको रकम छुट्टाछुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेखुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । शर्त राखिएका बोलपत्रहरू स्वीकृत गरिनेछैन ।

१०. बोलपत्र मान्य नहुने अवस्थाहरू

- खाम सिलवन्दी नभै प्राप्त हुन आएको बोलपत्र
- सम्वन्धित वन कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत गरि प्रमाणित हुनुपर्नेमा सो नभएको बोलपत्र वा विक्रि नभएको बोलपत्र वा बिक्री भएको बोलपत्रको प्रतिलिपी दाखिला गरेको बोलपत्र
- बोलपत्र जसको नाममा खरिद गरिएको हो उसैको तर्फबाट दाखिला नगरेको बोलपत्र
- बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र
- सकार अंकको १० प्रतिशत धरौटी वापतको रकमको बैंक भौचर समावेश नभएको वा कम रकमको भएको वा छ महिना भन्दा घटीको बैंक ग्यारेण्टी धरौटीको रुपमा पेश भएको बोलपत्र
- बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य सर्तहरू पुरा नभएको
- म्यादभित्र पेश हुन नआएको बोलपत्र
- बोलपत्रको पुर्णता परिक्षण बमोजिम कागजात नभएको ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । थप जानकारीको लागी फोन नं. ९८५४०२०१५९/९८४४१८६३७०/९८५४०५२१३५/९८५४०५२१३२ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

Scanned with CamScanner